# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड १) घ्याङलेख, चैत्र २७ गते, २०७४ साल (अतिरिक्ताङ्क ८

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७४ साल कार्यविधि नं. ४**

## विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७४

**प्रस्तावना :** नेपाल प्रकोपका दृष्टिले बहु जोखिमयुक्त क्षेत्र हो । मुख्यतया नेपालमा बाढी, पहिरो, डुबान, भुकम्प, चट्याङ, आगलागी, शीतलहर, हिमताल विष्फोट, हिमपहिरो, जंगली जनावरबाट हुने क्षति, महामारी, रोगब्याधी आदि प्रकोपबाट बर्षेनी ठुलो जनधनको क्षति हुने गरेको छ ।

नेपाल भुकम्प र बाढी बाट क्षती पुग्ने देशहरु मध्ये अत्यन्त जोखिमयुक्त स्थानमा पर्दछ भने पहिरो मृत्युदर सूचकमा नेपाल विश्वमा दश राष्ट्र मध्ये एक र दक्षिण एशियामा सबैभन्दा उच्च जोखिम भएको मुलुक हो । अव्यस्थित वसाइसराइ, जंगलको फडानी तथा अतिक्रमण, परम्परागत कृषि प्रणाली, जनसंख्याको वढ्दो चाप, अव्यवस्थित सडक निर्माण तथा आम मानिसमा जनचेतनाको कमीका कारण आगलागी, बाढी, पहिरो, महामारी, झाडापखाला, भोकमरी, भूकम्प जस्ता प्राकृतिक विपत्तिमा परी हजारौ मानिहरुको मृत्यु हुने गरेको छ । घ्याङलेख गाउँपालिकामा आगलागी, वाढी, पहिरो र भूक्षय जस्ता विभिन्न प्रकारका विपद संभावित जोखिमहरुको रुपमा रहेको छ । प्रकृतिक विपद बाट जिउ, ज्यान र धन सम्पतिको क्षति हुन्छ । साथ साथै भौतिक संरचनामा क्षति हुनाले यस गाउपालिकाको आर्थिक, सामाजिक विकासमा समेत नकारात्मक प्रभाव पर्न जान्छ ।

यस्ता आर्थिक सामाजिक, मानविय तथा भौतिक संरचनाहरुको क्षतिलाई न्युनिकरण गर्न हेतु नेपालको संविधानको अनुसूची ८ मा दिएको एकल अधिकार तथा स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा (२) न. को (६) बमोजिम विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ तयार गरि यस घ्याङलेख गाउपालिकाले लागु गरेको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१.१ यस कार्यविधिको नाम (**विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४**) रहेको छ ।

१.२ यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ भन्ने बुझ्नुपर्छ ।

ख) कोष भन्नाले विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष भन्ने बुझ्नुपर्छ ।

ग) व्यवस्थापन समिति भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

घ) कार्यपालिका भन्नाले घ्याङलेख गाउपालिका गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

ङ) विपद भन्नाले प्रकृतिक तथा मानवीय विपदलाइ वुझ्नुपर्छ ।

**३. कोष स्थापना :**

३.१ विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :**

४.१ कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

## परिच्छेद-२

## कोषको अवधारणा लक्ष्य उदेश्य र नीति

**५. कोषको अवधारणा :** घ्याङलेख गाउपालिकामा हुने सबै प्रकारका प्रकृतिक तथा मानव सृजित विपद तथा प्रकोप बाट प्रभावित व्यक्ति परिवार संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्रकृतिक विपद बारे सचेतना अभिबृदि गर्दै विपद बाट हताहत हुनेको संख्या न्युनीकरण गर्न, पिडित परिवारको पहिचान गरि राहत सहयोग पु-याउनु नै कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य :** प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका परिवार संघ संस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पु-याउने, विपद जोखिम व्यवस्थापन कृयाकलापको पहिचान तथा प्राथमिकिकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरि मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

**७. उदेश्य :** कोषका उदेश्यहरु देहाय बमोजिम हुनेछन्:

७.१ विपद पीडितको उद्दार तथा पुनःस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघ संस्था बीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

७.२ विपदका दृष्ट्रिकोणले गाउपालिकाका जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरी विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापनका लागि भौतिक तथा चेतनामूलक कार्यक्रम गर्ने ।

७.३ विपदबाट हुन सक्ने जोखिमलाई न्यून गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने ।

७.४ विपद पिडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मूल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराइ सहयोग गर्ने ।

७.५ भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्री तथा भवन निर्माण आचार संहिता बमोजिम गर्ने, गराउने ।

७.६ स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ द्वारा निर्देशित विपद जोखिम व्यवस्थापन योजना तर्जुमामा जोड दिने ।

७.७ विपद बाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्ने ।

७.८ विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सबँ निकायहरुका बीच समन्वय गर्ने ।

७.९ विपदबाट पीडित व्यत्तिहरुलाइ तत्काल उद्दार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

७.१० विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्बन्धमा प्रचलित कानून बमोजिम गर्ने गराउने ।

## ८. नीति

८.१ विपद पीडितको तत्काल उद्दार गर्ने ।

८.२ विपद पिडितलाई उद्दार पछि राहत सहयोग उपलब्ध गराउने ।

८.३ विपद पिडितहरुलाई पहिचान गरी तत्काल पुनःस्थापनका लागि सहयोग पुऱ्याउने ।

८.४ विपद पीडितहरुलाई सहयोग उपलब्ध गराउनका लागि सम्बन्धित सबै निकायहरुका बीच समन्वय गर्ने ।

८.५ स्थानीय तहमा भवन निर्माण आचारसंहिता बमोजिम भौतिक संरचना निर्माण गर्ने गराउने तथा स्थानीय तहमा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

## परिच्छेद-३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्यः |
| (घ) विषयगत समितिका संयोजकहरु | सदस्य |
| (ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (च) सामाजिक महाशाखा र शाखा प्रमुख | सदस्य |
| (छ) पूर्वाधार विकास महाशाखा र शाखा प्रमुख | सदस्य |
| (ज) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि | सदस्य |
| (झ) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ञ) गाउँ प्रहरी प्रमुख | सदस्य |

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित
प्रमुख वा प्रतिनिधि सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) सदस्य

(ढ) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको महाशाखा र
शाखा प्रमुख सदस्य सचिव

९.२ उपदफा ९.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

९.३ व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

९.४ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

९.५ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ ।

९.६ व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

९.७ बैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नुपर्नेछ ।

**१०. समितिको काम, कर्तव्य र अधिकार :**

१०.१ विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने ,

ख) कोषको बार्षिक योजना तर्जुमा गरी गाउसभामा पेश गर्ने,

ग) विपद सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्ने,

घ) विपदबाट पीडित व्यक्ति परिवार र संघ संस्थालाई तत्काल राहत उपलब्ध गराउने,

ङ) विपदबाट पीडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने,

च) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्री बनाउन समन्वयकारी भूमिका निर्वाहा गर्ने,

छ) विकास प्रकृयामा विपद जोखिम न्यूनीकरणलाइ मूल प्रवाहिकरण गर्ने,

ज) कोषका कार्यहरुको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

झ) स्थानीय तहका विपद जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद उत्थानसिल समाजको निर्माण गर्ने ।

**११. अध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बैठकको अध्यक्षता गर्ने,

ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

ग) बैठकमा प्रतिबेदन पेश गर्ने, प्रस्ता पेश गर्ने गराउने,

घ) समितिका सदस्यहरुलाइ कामको बाडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) कोषको वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) कोषका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने,

छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने,

ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्था संग सम्झौता गर्नु पर्ने भए गर्ने गराउने,

ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने,

ट) कोषका कामको अनुगमन मूल्याङकन गर्ने गराउने,

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषयबस्तुहरु तयार गर निर्णयार्थ वैठकमा पेश गर्ने,

ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने,

घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

च) कोषका कार्यक्रम तर्जुमा स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

छ) कार्यक्रहरुको अनुगमन गर्ने गराउने,

ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम कर्तव्य र अधिकार :**

कोषको सदस्यको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पुर्‍याउने,

ग) तोकिएको जिम्मेवारीलाइ पुरा गर्ने,

घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुर्‍याउने ।

## परिच्छेद- ४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१४. कोषको वित्तिय व्यवस्थापन**

१४.१ कोषमा देहायका रकमहरु रहने छन्:

क) गाउँ सभाबाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

ग) दातृ निकाय परियोजना गैह्र सरकारी संघसंस्थाबाट प्राप्त हुने रकम,

घ) कोषलाई सेवा शुल्कबाट प्राप्त हुने रकम,

ङ) कोषलाई अन्य विभिन्न स्रोतहरुबाट प्राप्त हुने रकम ।

च) संघीय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

१४.२ कोषको रकम नजिकको नेपाल राष्ट्र बैक द्वारा क वर्गको इजाजत प्राप्त कुनैपनि वैङ्मा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषको संचालन गाउँ कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४.३ कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१५. कोषको आर्थिक व्यवस्था :** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोविम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. बर्जित गरिएको वारे** :कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

**१७. प्रशासनिक व्यवस्था :** कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरु बाटनै संचालन गरिनेछ ।

**१८. बैठक भत्ता :** कोषको व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाइ गाउँ कार्यपालिकाको निर्णअनुसार भत्ता उपलब्ध गराइनेछ ।

**१९. कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था :**

१९.१ कोषबाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी गैहृसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ ।

१९.२ कोषले आप-नो कार्यक्रम गैहृ सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोगवाट संचालन गराउन सक्नेछ।

१९.३ गाउँपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु अन्य कुनै निकाय द्वारा संचालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको स्वामित्व गाउँ कार्यपालिकामा रहेको मानिनेछ ।

**२० राहत तथा उद्दार कार्यं संचालन सम्बन्धि व्यवस्थाः :** गाउँपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछ :

क) विपद प्रभावित स्थानको पहिचान भइ तत्काल उद्दार को व्यवस्था गरिने

ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने

ग) वडा समितिको वैठक द्वारा विपद प्रभावित हरुको सर्जमित मुचुल्का गराइ राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने,

घ) वातावरण तथा विपद व्यवस्थापन समितिबाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस गर्ने,

च) यस खण्डमा जेसुकै लेखिएको भएता पनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

**२१ विपद प्रभावित वर्गीकरणः** गाउँपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ :

**क) प्रभावित :-** प्राकृतिक वा मानव सृर्जित विपद जस्तै भुकम्प, पहिरो, आगलागी आदिबाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु,

**ख) आंशिक प्रभावित :-** प्राकृतिक वा मानव सृर्जित विपदबाट प्रभावित भएकाहरु जस्तै घरमा सामान्य क्षति भएका तर बस्न लायक, पहिरोले खेतवारी

सामान्य क्षति पु-याएका, आगलागी भइ घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएका ।

**ग) अति प्रभावित :-** प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भइ जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेका ।

**२२. राहत वितरण व्यवस्थापन सम्बन्धी कार्यविधि :**

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. २१ (क) बर्गीकरणमा परेकाहरुलाई एक देखि पाँच हजार सम्म व्यवस्थापन समितिका अध्यक्षको निर्णयका आधारमा उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. २१ (ख) बर्गीकरणमा परेकाहरुलाई प्रति परिवार पाँच देखि दश हजार सम्म व्यवस्थापन समितिका अध्यक्षको निर्णयका आधारमा उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुदा नं. २१ (ग) बर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत व्यवस्थापन समितिका अध्यक्षको निर्णयका आधारमा उपलव्ध गराउने,

अ) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु. ५०,०००।००

आ) घरवार विहिन भएका परिवारलाई प्रति परिवार रु. ३०,०००।००

इ) अंग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु. २५,०००।००

ई) शारीरिक रुपमा घाइते भइ उपचारत अवस्थामा रहेका प्रति व्यक्ति रु. १०,०००।००

उ) अति प्रभावितमा सिफारिसमा परेका संघसंस्थाहरुको हकमा महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरुलाइ मर्मत सम्भार तर्फ रु १००००।०० तथा अन्य संस्थाहरुलाइ रु. ५०००।००

**२३. वडा स्तरिय विपद प्रभावित पहिचान समितिः** वडा स्तरीय विपद प्रभावित पहिचान समिति देहाय बमोजिम हुनेछ,

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु | सदस्य |
| ग) सम्बन्धित वडामा रहेका सुरक्षा निकायका प्रमुख | सदस्य |
| घ) सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख | सदस्य |
| ङ) गाउपालिकाले तोकेको प्राविधिक | सदस्य |
| च) वडा सचिव | सदस्य सचिव |

## परिच्छेद- ५

## विविध

**२४. विविध :-** कोषबाट कार्यक्रम संचालन गर्नुपर्ने :

गाउँ कार्यपालिकाको कार्यालय, गाउकार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमितिबाट विपद सम्बन्धि कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

**२५. जाँच पास तथा फरफारक :** कोषबाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**२६. गाउँपालिका विकास योजनामा समावेश गर्ने** : कोषबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२७. कार्यविधिको संशोधन :** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**२८. बचाउ र खारेजी :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानून सँग बाजिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउँ कार्यपालिकाले कोषलाइ खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँ कार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।

**प्रमाणीकरण मिति २०७४।१२।२७**

**आज्ञाले,**

**सन्तोष नेपाली**

**प्रमुख प्रशासकीय अधिकृत**